# सुशासन समितिद्वारा प्रस्तुत आर्थिक वर्ष

# २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन-२०८१

## मालिका गाउँपालिका
## अर्खावाङ्ग, गुल्मी

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

## सुशासन समितिका पदाधिकारीहरु :

संयोजकः- श्री लेखनाथ अर्याल

सदस्यः- श्री चुरामणी घर्ती

सदस्यः- श्री समिपा सुनार

सदस्य सचिवः- श्री पवित्रा सत्याल

मालिका गाँउपालिका

## पृष्ठभुमीः-

सुशासन राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनु सुशासन हो ।

नेपालको संविधान, संघ, प्रदेश तथा स्थानीय कानुन वमोजिम तथा नेपालको विविध धार्मिक, साँस्कृतिक, भाषिक बिविधताको सम्मान र संरक्षण गर्दै , सामाजिक समानता, सहिष्णुता कायम गर्दै नागरीकका दैनिक आवश्यकताका सेवा तथा विकासात्मक कार्यक्रम सम्बन्धि सेवा सार्वजनिक सेवा हो । सार्वजनिक सेवा प्रवाह सार्वजनिक निकायको दायित्व हो, भने नागरिकको आधिकार हो, यसको प्रभावकारिता को निमित्त पहल गर्नु सार्वजनिक निकाय, यसका पदाधिकारी, आमनागरिक तथा सरोकारवाला सवैको साझा कर्तव्य हो ।

सार्वजनिक प्रशासनको सक्षमता र प्रभावकारितामा नै सरकारको प्रभावकारिता निर्भर रहन्छ । सार्वजनिक प्रशासनलाई स्वच्छ , सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायि र सहभागितामुलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन कायम गर्ने नेपालको संविधानको मर्म र भावना मुताविक नै सरकारी तथा सार्वजनिक निकायहरु क्रियाशिल रहनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ वमोजिमको अधिकार प्रयोग गरी गाउँसभाले लेखनाथ अर्याल ज्यूको संयोजकत्वमा समिपा सुनार र चुरामणी घर्ती सहित ३ सदस्यीय सुशासन समिति गठन गरेको छ ।

## कार्यक्षेत्रः

- स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,
- सेवा प्रवाहको मापदण्ड सम्बन्धी,
- संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध र समन्वय तथा वडा सगँको समन्वय
- सभा तथा बैठक व्यवस्थापन सम्बन्धी
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्वन्धी
- राजस्व नीति तथा प्रशासन सम्बन्धी ,
- बित्तिय जोखिम, न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजु फछ्यौट सम्बन्धी
- योजना अनुगमन तथा मुल्याङ्कन र तथ्याङ्क व्यवस्थपन सम्बन्धी
- सुशासन प्रवर्द्धन, सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षण सम्वन्धी
- नागरिक सन्तुष्टी, सर्वेक्षण र अन्तर निकाय सम्बन्धी ।

## छलफल तथा निर्णयका मुख्य विषयहरु :-

यस आर्थिक वर्षमा सुशासन समितिको ७ वटा बैठक बसी मुख्य रुपमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरियो ।

- ✓ आधारभुत सेवा प्रवाह र सामाजिक सुरक्षा सम्बन्धमा।
- ✓ गाउँपालिका र वडा कार्यालयहरु वीचको कामको बाडफाडँ सम्बन्धमा ।
- ✓ कार्यसम्पादन, पारदर्शिता र नागरिक सन्तुष्टी सम्बन्धमा ।
- ✓ योजना सञ्चालन तथा अनुगमन / मुल्याङ्कन सम्बन्धमा ।
- ✓ सुशासन समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
- ✓ गाउँसभामा पेश गरिने एजेण्डा /विषयवस्तुबारे जानकारी सम्बन्धमा ।

## अवस्थाः

समिति गठन पश्चात बैठक बसी गाउँपालिकाको कार्य सम्पादनको प्रभावकारीताबारे अध्ययन, छलफल भइरहेको छ। यस गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूको सम्बन्धमा सेवाग्राहीहरूलाई सहज तथा प्रभावकारी ढङ्गले सेवा उपलब्ध गराउनका लागि मालिका गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूको मापदण्ड तयार गरी कार्यपालिकामा पेश हुने चरणमा रहेको छ।

उक्त मापदण्डमा आधारित रहेर गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, सार्वजनिक सुनुवाई, जनशक्तिको क्षमता विकास, सेवाग्राही सर्वेक्षण, सार्वजनिक सुनुवाई सम्बन्धी कार्यहरू अगाडि बढाउन सक्नेछ ।

## आर्थिक वर्ष २०८०/८१ मा भएका कार्यसम्पादन :-

- ✓ कागज बिहिन सरकार तर्फको यात्रालाई जोड दिन विद्युतिय अभिलेख तथा व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याउन निर्देशन दिईएको ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सुशासन कायम गर्न तालिमको व्यवस्था गर्न निर्देशन दिएको ।
- ✓ गाउँपालिका तथा सवै वडा कार्यालयमा CCTV जडान गरी कार्यालयको सुरक्षाको प्रबन्ध मिलाउनुपर्ने विषयमा सुझाव दिईएको ।
- ✓ गाउँपालिका तथा वडास्तरबाट चौमासिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यलाई प्राथमिकता दिनुपर्ने विषयमा निर्देशन दिईएको ।
- ✓ सार्बजनिक स्थलहरुमा प्रतिक्षालय धारा लगायतका संरचनाहरुको निर्माण गर्न पहल गरिएको ।

- ✓ स्वास्थ्य उपचार, माटो परिक्षण, विषादी वितरण, अपाङ्गता तथा जेष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण, पशु औषधी वितरण, एवम योजना फरफारक सहित एकिकृत घुम्ति सेवा प्रदान गर्ने विषयमा निर्देशन गरिएको ।
- ✓ कर्मचारीहरुलाई समयमै कार्यालयमा उपस्थित भई प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले गाउँपालिका तथा सवै वडा कार्यलयहरुमा ई-हाजिरिको व्यवस्था मिलाउन निर्देशन दिईएको ।

**समस्याहरु :**

- ➢ साधन स्रोतको व्यवस्थापन ,( आर्थिक स्रोत-बजेट, मानवसंशाधन) को अभाव
- ➢ प्राप्त मानवसंशाधनमा दक्षता अभिवृद्धि गर्न उचित तालिम/प्रशिक्षणको कमजोर अवस्था।
- ➢ भौगोलिक विकटता /विषमता
- ➢ सेवा प्रदायक पदाधिकारी तथा कर्मचारीमा अनुशासन र आचरण पूर्ण पालना हुन नसकेको ,
- ➢ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनाको गोपनियता कायम हुन नसकेको ।
- ➢ नागरिकको बढ्दो आवश्यकता परिपुर्ति गर्न बजेट तथा अन्य व्यवस्थापनको कमजोर अवस्था,
- ➢ विषयगत समितिको बैठक नियमित रुपमा बस्न नसक्नु,
- ➢ अपेक्षाकृत रुपमा राजस्वको दायरा बिस्तार हुन नसकेको,

मालिका गाउँपालिका

**सुझावहरुः**

- ✓ वार्षिक योजना तथा बजेट विनियोजन नियमित रुपमा कार्यान्वयन भएका छन् र थप प्रभावकारिताको लागि आवधिक तथा रणनीतिक योजना निर्माण गर्नुपर्ने ।
- ✓ सेवा प्रवाहमा प्रभावकारिता ल्याउन आवश्यक मापदण्ड निर्माण गर्नपर्ने।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिम तथा अन्य कार्यक्रमहरुको व्यवस्था गर्ने ।
- ✓ गाउँपालिका तथा वडास्तरवाट हुने योजना कार्यमा गुणस्तरीयता अभिवृद्धी गर्नुपर्ने
- ✓ रोजगारमुखी सेवा प्रवाह वितरण गरिनुपर्ने,
- ✓ स्वास्थ क्षेत्रमा नागरिकका आवश्यकता बमोजिम प्रयाप्त मात्रामा औषधी वितरण गरिनुपर्ने।
- ✓ परम्परागत सोच बाट माथि उठेर हरेक क्षेत्रलाई नतिजाउन्मुख बनाईनुपर्ने
- ✓ सामाजिक न्याय र सुरक्षाको प्रत्याभुत गर्नुपर्ने ।
- ✓ अनुगमन, सुपरीवेक्षण नियमन कार्य प्रभावकारी बनाउनुपर्ने ।
- ✓ राज्यलाई तिर्नुपर्ने करका विषयमा नागरिक चेतना अभिवृद्धि गरी सबै करदाताहरुलाई करको दायरामा ल्याउनुपर्ने ।
- ✓ सार्वजनिक खरिद योजना तथा गुरुयोजना निर्माण गरेर खरिद प्रक्रिया अघि बढाउनुपर्ने
- ✓ नागरिक वडापत्र सबैले देख्ने स्थानमा राखी समयानुकुल अद्यावधिक गरिनुपर्ने ।
- ✓ गुनासो पेटिका तोकिएको समय सिमाभित्र खोली प्राप्त गुनासोको उचित सम्बोधन गर्नुपर्ने ।
- ✓ न्यायिक समितिमा दर्ता हुन आएका उजुरीहरु समयमा नै छलफल गरी किनारा लगाउनुपर्ने
- ✓ यस गाउँपालिकामा सूचिकृत भएका सहकारी संस्थाहरु संस्थाको तर्फवाट कार्यालय सँग समन्वयकारी भुमिका बढाउनुपर्ने ।



मालिका गाउँपालिका

- ✓ मालिका गाउँपालिका भित्र रहेका व्यवसायीहरुमध्ये केही व्यवसायीहरु दर्ता नगरी सञ्चालन गर्दै आएको र दर्ता भै सञ्चालन भएका व्यवसायीहरुले समयमा नै नविकरण नगरेको अवस्था छ जसले गर्दा आन्तरिक राजस्वमा असर पर्ने भएकोले नियमित बजार अनुगमन तथा व्यवसायीहरुलाई सचेतना जगाउनु पर्ने ।
- ✓ गाउँपालिका बाट जारी गरिएका ऐन, कानूनहरु संग्रहको रुपमा प्रकाशन गरिनुपर्ने।

## निष्कर्ष :-

यस मालिका गाउँपालिकाबाट नागरिकहरुलाई सुशासनको प्रत्याभुति दिलाउन विभिन्न रचनात्मक कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गर्दै लैजानुपर्ने देखिन्छ ।पदाधिकारी तथा कर्मचारीहरुको लागि आवश्यक क्षमता अभिवृद्धि तालिम, नीति निर्माण जस्ता पक्षको प्रयाप्त व्यवस्था हुन सकेमा सुशासन तथा संस्थागत क्षमता विकासमा थप गुणस्तर आउन सक्ने अपेक्षा गर्न सकिन्छ ।

मालिका गाउँपालिका